आज मिति २०७८/०४/०[illegible] [illegible] परिषद्का कार्यकारी निर्देशक डा. दिपक भण्डारीज्यूको समुपस्थितिमा कृषि अनुसन्धान केन्द्र, पाखीबास र राष्ट्रिय बंगुर अनुसन्धान कार्यक्रम, पाखीबासका प्रमुखहरु बिचमा आ-आफ्ना कार्यक्रमहरु उद्देश्य अनुरुप प्रभावकारी रुपमा संचालन गर्नका लागि आवश्यक पर्ने जग्गा जमिन लगायत भौतिक पूर्वाधारहरु देहाय बमोजिम प्रयोग गर्ने गरि सहमति भएकोले आजैका मिति देखि कार्यान्वयनमा लैजाने सहमति भयो ।

१. संलग्न नक्शा अनुरुप दुवै कार्यालयले मौजुदा जग्गा जमिन र भौतिक संरचनाहरु उपयोग गर्ने ।

२. खानेपानी लगायत विद्युत आपूर्ति सम्बन्धमा हाल जे जस्तो अवस्थामा संचालन भइ रहेको छ, सोहि अनुरुप दुबैले संचालन गर्ने गराउने । विद्युत महशुलको लागि आवश्यकीय बजेट कृषि अनुसन्धान केन्द्र पाखीबासमा बिनियोजन गरी मिटर रिडिंग लगायत भुक्तानी व्यवस्थापन गर्ने ।

३. कृषि अनुसन्धान केन्द्र पाखीबासको मातहतमा रहेको कम्युनिटी हल, कन्फरेन्स हल र मिटिंग हललाई आवश्यकता अनुरुप आपसी समन्वयमा संयुक्त रुपमा प्रयोग एवं संचालन गर्ने ।

४. राष्ट्रिय बंगुर अनुसन्धान कार्यक्रमलाई दीर्घकालीन रुपमा संचालनको लागि कार्यालय भवन, ल्याब र Demonstration ब्लक निर्माण गरी स्थापना गर्न समलबारी क्षेत्रको समलबारी जाने बाटो भन्दा उत्तर, अमृत बहादुर तामांगको घर दक्षिण, पश्चिम तर्फ खोल्सा र पूर्वमा समलबारिको हट हाउसको चार किल्ला भित्रको जग्गा तथा सोका लागि आवश्यकता अनुसार भविष्यमा थप जग्गा उपलव्ध गराउने गरी हाललाई यस चार किल्ला भित्रको जग्गा राष्ट्रिय बंगुर अनुसन्धान कार्यक्रमलाई दिने र बंगुरको अनुसन्धान ब्लकका गोठहरु (shed), कृतिम गर्भाधान ल्याब, क्वारेन्टाइन ब्लक वा Isolation ब्लक र सहायक कर्मचारी आवास भवनहरु निर्माण गर्न South Farm मा रहेको बाख्रा गोठको पश्चिम पट्टिको ब्लक (रातेबारी) को अन्दाजी १५ रोपनी जग्गा र आवश्यकता अनुसार भविष्यमा थप जग्गा उपलव्ध हुने गरी निर्माण गर्न दिने ।

५. राष्ट्रिय बंगुर अनुसन्धान कार्यक्रमको लागि हाल कृषि अनुसन्धान केन्द्र पाखीबासको मातहत रहेको लाइभस्टक युनिटलाई हाललाई राष्ट्रिय बंगुर अनुसन्धान कार्यक्रमलाई कार्यालय भवनको रुपमा प्रयोग गर्न दिने ।

६. राष्ट्रिय बंगुर अनुसन्धान कार्यक्रमको लागि दिर्घकालिन रुपमा आवश्यक पर्ने कार्यालय भवन, ल्याब, Demonstration ब्लक र आवश्यक पुर्वाधारहरु समलबारीमा निर्माण हुने निश्चितता नभएसम्म कृषि अनुसन्धान केन्द्र पाखीबासले संचालन गर्दै आएको बागवानी अनुसन्धान कार्यक्रमहरु केन्द्रले नै यथावत रुपमा संचालनमा गर्ने ।

७. कृषि अनुसन्धान केन्द्र पाखीबासको मातहत रहेका लाइभस्टक युनिटका बंगुरका खोरहरु (Shed) राष्ट्रिय बंगुर अनुसन्धान कार्यक्रमका लागि तोकिएको स्थानमा कार्यक्रमले खोरहरु निर्माण गरी बंगुर स्थानान्तरण नगरे सम्म कार्यक्रमले ती खोरहरुको प्रयोग गर्ने । खोर निर्माण भै कार्यक्रमका बंगुरहरु स्थानान्तरण गरे पश्चात उक्त खोरहरुलाई यथावत कृषि अनुसन्धान केन्द्र पाखीबासले प्रयोग गर्ने ।

८. केन्द्रको South Farm जानको लागि हाल खोलिएको ट्रयाक रोडको स्तरोन्नति (रिटेनिंग वाल, ग्याभिन वाल, ग्राबेलिंग र सडक कालोपत्र गर्ने कार्य) को लागि कृषि अनुसन्धान केन्द्र पाखीबास र राष्ट्रिय बंगुर

अनुसन्धान कार्यक्रमले छुट्टै बजेट प्रस्ताव गर्ने । यसलाई परिषदले प्राथमिकतामा राखे साथै दुवै कार्यालयले स्थानीय सरकारसँग समन्वय गरी उक्त बाटोको लागि बजेट मांग गरी बाटो स्तरोन्नति गर्ने ।

९. हाल कृषि अनुसन्धान केन्द्र पाखीबास अन्तर्गत रहेको बंगुर अनुसन्धान कार्यक्रमको कार्यक्रम तथा बजेटलाई हालै स्थापना भएको राष्ट्रिय बंगुर अनुसन्धान कार्यक्रममा स्थानान्तरण गर्न LMBIS मा प्रविष्ट गरी राष्ट्रिय बंगुर अनुसन्धान कार्यक्रमलाई अख्तियारी दिने ।

१०. कृषि अनुसन्धान केन्द्र पाखीबासका सम्पूर्ण बंगुरहरु राष्ट्रिय बंगुर अनुसन्धान कार्यक्रमलाई हस्तान्तरण गर्ने ।

११. राष्ट्रिय बंगुर अनुसन्धान कार्यक्रमलाई अत्यावश्यक पर्ने फर्निचरहरु आपसी समन्वयमा कृषि अनुसन्धान केन्द्र पाखीबासको मौजुदा मौज्दातबाट हस्तान्तरण गर्ने ।

१२. राष्ट्रिय बंगुर अनुसन्धान कार्यक्रमलाई आवश्यक पर्ने आवाश भवनहरु निर्माण नभए सम्म हाललाई तपसील बमोजिमको आवाश भवनहरु, किचन गार्डेन एवं भौतिक संरचना सम्पतिहरु समेत कृषि अनुसन्धान केन्द्र पाखीबासले प्रयोग गर्न दिने ।

तपसील

१) A2DSS2 A & B
२) A2DSS3 A & B
३) A1 Singles 4
४) B12 Hostel A, B, C and D.

१३. माथि उल्लेख भएदेखि बाहेक अन्य आवश्यक कुराहरु दुवै कार्यालयहरुको आपसी सहमतिमा व्यवस्थापन गर्ने ।

..........................
डा. गोविन्द प्रसाद तिम्सिना
केन्द्र प्रमुख
कृषि अनुसन्धान केन्द्र पाखीबास

..........................
मनोज कुमार साह
संयोजक
राष्ट्रिय बंगुर अनुसन्धान कार्यक्रम, पाखीबास

आमन्त्रितहरु:

१. डा. स्वयम प्रकाश श्रेष्ठ, निर्देशक, पशु तथा मत्स्य, ने.कृ.अ.प. काठमाडौं ।
२. श्री केशब प्रसाद श्रेष्ठ, निर्देशक, कृषि अनुसन्धान निर्देशनालय, प्रदेश १ तरहरा, सुनसरी ।
३. डा. माधव आचार्य, संयोजक, राष्ट्रिय पन्छी अनुसन्धान कार्यक्रम, खुमलटार ।
४. श्री बाबुराम पौडेल, प्रमुख, कर्मचारी प्र. महाशाखा, ने.कृ.अ.प. काठमाडौं ।
५. डा. राजेन्द्र पण्डित प्रमुख, आर्थिक प्रशासन महाशाखा, ने.कृ.अ.प. काठमाडौं ।
६. श्री वीरेन्द्र खड्का, बरिष्ठ प्रशासकीय अधिकृत ने.कृ.अ.प. काठमाडौं ।
७. डा.टेक प्रसाद गोतामे, प्रमुख, योजना महाशाखा, ने.कृ.अ.प. काठमाडौं ।
८. श्री कपिल पौडेल, बैज्ञानिक , ने.कृ.अ.प. काठमाडौं ।